

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २० गते शनिबार ❑ 3 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'सुशासन, सामाजिक न्याय र समृद्धिका लागि सुरक्षा व्यवस्था सुदृढ हुनुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले 'सुशासन, सामाजिक न्याय र समृद्धि' को लक्ष्य हासिल गर्न स्थानीय प्रशासन र सुरक्षा संयन्त्रको प्रभावकारी परिचालन महत्वपूर्ण आधार भएको बताउनुभएको छ।

गृह मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको आयोजनमा शुक्रबारदेखिपोखरामासुरुगण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी २०८० को उद्घाटन गर्दै उहाँले नागरिक सरोकारका सेवाको प्रभावकारी व्यवस्थापन गर्दै राज्यले लिएको आर्थिक, सामाजिक र भौतिक विकासको लक्ष्य पूरा गर्नसमेत सुरक्षा व्यवस्था सुदृढ गर्नु आवश्यक रहेको बताउनुभयो।




भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यमा सुरक्षा तथा राज्यका सबै निकायको अहम् दायित्व रहेको उहाँले बताउनुभयो । कामकारबाहीमा देखिने स्वार्थको द्वन्द्व न्यूनीकरण गर्न 'नतिजामूलक स्पष्ट कार्य ढाँचा' तयार गर्नुपर्ने उहाँले बताउनुभयो । राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मीका बीचमा अधिकार तथा कार्यक्षेत्रका सम्बन्धमा देखिने द्वन्द्वले सकारात्मक सन्देश नजाने गृहमन्त्रीले बताउनुभयो। संविधान र कानुनले व्यवस्था गरेबमोजिम मात्र निर्दिशत हुने, संस्थागत एवं व्यावसायिक समन्वय र सहकार्यलाईप्रवर्द्धनगर्ने, सामूहिक एवं व्यक्तिगत जवाफदेहिताको संस्कृति निर्माण गरी 'नागरिक पहिले' भन्ने सिद्धान्तअनुरुप काम गर्न उहाँले निर्देशन दिनुभयो । सङ्घीय व्यवस्थाको कार्यान्वयनसँगै अवसर र चुनौती थपिएका छन् भन्दै उहाँले शासकीय प्रणाली तथा प्रविधिमा हुने परिवर्तनले सामाजिक जीवनका विविध आयाममा प्रभाव पारेको बताउनुभयो । तहगत सरकारका निकायबीच समन्वय बढाउँदै स्थानीय प्रशासन र सुरक्षा निकायको परिचालनलाई थप प्रभावकारी बनाउन आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यस्ता गोष्ठीबाट लक्ष्यित परिणाम प्राप्त हुनेमा म विश्वस्त छु ।" स्थानीय प्रशासन र सुरक्षा व्यवस्थाको सुदृढीकरणबाट मुलुकको आर्थिक समृद्धिका लागि अनुकूल वातावरण निर्माण गर्दै जनतामा सरकारप्रतिको भरोसा अभिवृद्धि गर्न सबै सुरक्षा निकायको महत्वपूर्ण भूमिका हुने गृहमन्त्रीले बताउनुभयो । संविधानअनुरुप सरकारले गृह मन्त्रालयलाई आमजनताको जीउधनको सुरक्षा, विधिको शासनको पालना, मानव अधिकारको रक्षा र खुला बजारको नियमन गर्दै सामाजिक स्थायित्व कायम गर्ने महत्वपूर्ण जिम्मेवारी सुम्पिएको स्पष्ट गर्नुभयो । सुशासन, स्थिरता र विकासका लागि मन्त्रालयले प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा निरन्तर काम गरिरहेको उहाँले बताउनुभयो । सङ्घीयता कार्यान्वयनको सङ्क्रमण अझै नसकिएको बताउँदै उहाँले सङ्घीय नेपालको शासकीय प्रणालीको पूर्ण कार्यान्वयनका लागि राजनीतिक तथा संस्थागत आधार निर्माण भएको भए तापनि, प्रशासनिक, कानुनी एवं कार्यविधिगत विषयसँग सम्बन्धित काम आंशिकरुपमा बाँकी नै रहेको बताउनुभयो । सरकार प्रभावकार ीरुपमा सङ्क्रमणकालीन अवस्थाका बाँकी कार्यभार पूरा गर्ने काममा अगाडि बढिरहेको उहाँले बताउनुभयो । गृह प्रशासनको पहिलो प्राथमिकता एवं नागरिकको प्रमुख अपेक्षा सुशासन, शान्ति र सामाजिक सुव्यवस्था कायम नै रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले यसका लागि सेवा प्रवाहमा हुने ढिलासुस्ती, अपारदर्शिता, अनुत्तरदायी प्रवृत्ति, दण्डहीनता तथाभ्रष्टाचारप्रमुखचुनौतीबनेका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## आहा रारा पोखरा गोल्डकपमा इतिहास रच्ने दाउमा आर्मी र थ्रिस्टार

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ




विभागिय टोली त्रिभुवन आर्मी क्लवले आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता नयाँ इतिहास रच्ने दाउमा रहेको छ भने प्रतिद्धन्दी टीम थ्रि स्टार क्लवले छैटो पटकको उपाधि रक्षा गर्ने रणनितीमा रहेको छ।

आहा रारा पोखरा गोल्ड कपको ४ पटक फाइनलमा पुगेर पनि उपाधि जित्न नसकेको आर्मीले यसपाली थ्रि स्टार क्लवसंग ५ बर्ष अघिको बदला लिदै नयाँ इतिहास रच्न चाहेको छ । यता थ्रि स्टार क्लवले भने छैटौ पटक उक्त उपाधि आफ्नो पोल्टामा पार्ने गरी शनिबार पोखरा रंगशालामा त्रिभुवन आर्मी क्लवसंग फाइनल खेलमा जित्ने योजना बनाउदै छ । २०७५ सालमा भएको १७ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको फाइनल खेलमा थ्रि स्टारले टाईब्रेकरमा आर्मी माथि ५-४ को गोल अन्तरले पराजित गर्दै उपाधि जितेको थियो । आर्मीले ७ औं, ८ औं, १४ औ र १७ औं संस्करणको फाइनलमा पुगेर पनि उपाधि जित्न सकेको छैन् । थ्रिस्टारले भने ५ औं, ९ औं, ११ औं, १३ औं र १७ औं संस्करणको उपाधि रक्षा गरेको छ भने १६ औं संस्करणमा फाइनलमा पुगेर नेपाल पुलिस क्लवसंग १-० ले पराजित भएको थियो। १२ लाख १ हजार नगद सहित उपाधिको लागि आर्मी र थ्रि स्टार क्लव पोखरा रंगशालामा शनिबार दिउँसो दिनको १:१५ बजे फाइनल खेल सुरु हुने भएको आयोजक सहारा क्लवले जनाएको छ।

आर्मीका प्रशिक्षक मेघराज केसीले आफुहरुले यसपाली आहा रारा पोखरा गोल्ड कपमा इतिहास रच्ने गरी आवश्यक तयारीका साथ फाइनल खेल्ने शुक्रबार पोखरामा आयोजित पत्रकार भेटघाटमा बताउनु भयो।

आर्मीका कप्तान भरत खवासले फाइनल खेल निकै प्रतिष्प्रर्धा हुने दाबी गर्दै आफुहरुसंग अनुभवी खेलाडीहरु रहेको दाबी गर्नु भयो । थ्रीस्टारका प्रशिक्षक विक्रम लामाले आहा रारा पोखरा गोल्ड कपमा पहिला आफु खेलाडी हुँदा ह्याट्रिक पुरा गरेको बताउदै यसपाली पनि आर्मी बिरुद्धको खेलमा उत्कृष्ट फुटवल खेलेर पोखरेली दर्शकलाई भरपुण मनोरन्जन दिने दाबी गर्नु भयो । थ्रीस्टारका कप्तान विराज महर्जनले आर्मी बलियो टिम भए पनि आफुहरुसंग भने युवा खेलाडीहरुको टिम भएको बताउनु भयो।

समुह एमा रहेको थ्रिस्टारले प्रिक्वाटरमा आयोजक सहारा क्लवलाई र क्वाटरफाइनलमा भने पाहुना टोली भुटानको पारो एफसीलाई पराजीय गरी सेमिफाइनलमा जाउलाखेल युथ क्लवलाई पराजित गरि फाईनलमा यात्रा बनाएको हो । समुह बीमा रहेको आर्मीले क्वाटरफाइनलमा गत बर्षको विजेता संकटा क्लवलाई र दोश्रो सेमिफाइनलमा भने राष्ट्रिय लिग बिजेता चर्च व्वाईज यूनाइटेडलाई पराजित गर्दै फाइनलमा प्रबेश गरेको हो । २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको विजेताले १२ लाख एक हजार र उपविजेताले ६ लाख एक हजार पुरस्कार प्राप्त गर्ने भएको महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो।

प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई इलेक्ट्रि स्कुटर प्रदान गरिने भएको छ । यही माघ ९ गते देखि सुरु भएको प्रतियोगितामा एक विदेशी सहित १२ टिमको सहभागिता रहेको खेल संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो । दर्शकलाई आकषर्ण गर्न हरेक दीनमा फ्यान अफ दी म्याच समेत घोषणा गरिएको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो। फ्यान अफ दी म्याच घोषित हुदै जनही ५ हजार रुपैया प्रदान गर्दै आएको शुर्दशन रञ्जितले बताउनु भयो।

## ऊर्जा क्षेत्रमा जनशक्ति अभाव

**पोखरापत्र संवाददाता**
कास्की, १९ माघ

उज्यालो गण्डकी प्रदेश' घोषणाको तयारीमा रहेको प्रदेश सरकारले ऊर्जा क्षेत्रमा जनशक्ति अभाव झेलिरहेको छ । प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको ऊर्जा शाखा दुई जना कर्मचारीको भरमा सञ्चालन भइरहेको छ।

प्रदेश स्थापनाको छ वर्ष बितिसक्दा ऊर्जा हेर्ने निकायमा सङ्गठन तथा व्यवस्थापन (ओएनम) सर्वेक्षणसमेत हुन सकेको छैन । प्रदेशको समृद्धिको मुख्य आधारमध्येमा लिइएको ऊर्जा क्षेत्र नै प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभावमा गुज्रिरहेको हो । मन्त्रालयको ऊर्जा शाखाका प्रमुख इन्जिनियर जीवन श्रेष्ठले आफूसहित इन्जिनियर दामोदर तिवारी उक्त शाखामा कार्यरत रहेको बताउनुभयो । "मन्त्रालय गठन हुने बेलामा ऊर्जातर्फ तीन जनाको दरबन्दी थियो । अहिले झन घटेर दुईमा पुगेको छ", उहाँले भन्नुभयो, "प्रदेशका ११ वटै जिल्लामा ऊर्जा क्षेत्र हेर्ने जिम्मेवारी यस शाखालाई छ ।" जनशक्ति र स्रोतसाधनको अभावमा शाखाको दैनिक कार्यसम्पादन प्रभावित भइरहेको इन्जिनियर श्रेष्ठले बताउनुभयो। "जनशक्ति नभएकाले विद्युत् विस्तारलगायतका काम नेपाल विद्युत् प्राधिकरणसँग मिलेर गरिरहेका छौँ", उहाँले भन्नुभयो, "ऊर्जा क्षेत्र हेर्ने गरी निर्देशनालय वा अन्य छुट्टै संरचना स्थापनाका लागि माग गरे पनि प्रदेश सरकारबाट सुनुवाइ हुन सकेको छैन।" मन्त्रालयका प्रवक्ता हरिदत्त पौडेलले सङ्गठन तथा व्यवस्थापन (ओएनम) सर्वेक्षण गरेर ऊर्जा शाखामा कर्मचारी व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । कर्मचारी समायोजन हुँदा सङ्घ सरकारबाट ऊर्जा क्षेत्रमा काम गर्ने जनशक्ति प्रदेशमा नआएकाले जटिलता थपिएको उहाँको भनाइ थियो । "सङ्घीय निजामती ऐन नबन्दा पनि प्रदेशमा कर्मचारी व्यवस्थापनमा समस्या भइरहेको छ", प्रवक्ता पौडेलले भन्नुभयो, "ऊर्जा मन्त्रालय भनिएपनि न व्यवस्थित संरचना छ, न जनशक्ति छ ।" उहाँका अनुसार ऊर्जातर्फ गण्डकी प्रदेश सरकारले चालु आवमा रु नौ करोड ६५ लाख बजेट छुट्टाएको छ । विनियोजित बजेटबाट केन्द्रीय विद्युतीकरण, लघु जलविद्युत् आयोजनाको निर्माण, मर्मत सुधारलगायत काम भइरहेको ऊर्जा शाखाले जनाएको छ। प्रदेश सरकारले यसै वर्षभित्र 'उज्यालो गण्डकी प्रदेश' घोषणाको तयारीलाई अगाडि बढाएको छ। आर्थिक सर्वेक्षणले गण्डकीमा दुई हजार आठ सय ८४ घरधुरी मात्र बिजुलीको पहुँच बाहिर रहेको देखाएको थियो । तीमध्ये बागलुङको ढोरपाटन नगरपालिका-६ छेन्तुङका तीन सय ९१ घरमा गत असोजमा सौर्य ऊर्जा जडान गरिएको छ । ऊर्जा शाखाका अनुसार अब गण्डकी प्रदेशका दुई हजार चार सय ९३ घरधुरीमा मात्र विद्युत् सेवा पुग्न बाँकी छ । बिजुली नपुगेका घरधुरी पहिचान गरी प्रदेशको सतप्रतिशत जनसङ्ख्यामा विद्युत् सेवा पुर्‍याउने योजनामा मन्त्रालय छ । "बिजुलीको पहुँच बाहिर रहेका शून्य दशमलव पाँच प्रतिशत घरको खोजी तथा पहिचान गरी जतिसक्दो चाँडो विद्युत् सेवा पुर्‍याउँछौँ", ऊर्जा शाखाका इन्जिनियर श्रेष्ठले भन्नुभयो, "केन्द्रीय प्रसारण लाइन विस्तार गर्न नसकिने ठाउँमा सौर्य ऊर्जा जडान भइरहेको छ।" अहिलेसम्म बिजुली नै नपुगेका घरधुरी पहिचान गर्न विद्युत् प्राधिकरण र स्थानीय तहसँग मन्त्रालयले समन्वय गरिरहेको उहाँले बताउनुभयो । तनहुँ र नवलपुरका केही ठाउँमा विद्युत् सेवा पुग्न बाँकी रहेको श्रेष्ठको भनाइ थियो । "अन्यत्र पनि विद्युत सेवाबाट वञ्चित गाउँ र परिवार हुन सक्छन्, त्यस्ता ठाउँको हामी आफैँले पनि खोजी र अध्ययन गर्दैछौँ", उहाँले भन्नुभयो, "अहिलेसम्म प्रदेशभित्रका ९९ दशमलव ५० प्रतिशत घरमा विद्युत् सेवा पुगिसकेको छ ।" प्रदेश स्थापनापछि विसं २०७४ मा गठित पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रमा सबै घरमा बिजुली पुर्‍याउने निर्णय गरेको थियो । बर्सेनि सरकारको नीति, कार्यक्रम र बजेटमा समेटिँदै आएको ' उज्यालो गण्डकी प्रदेश'को लक्ष्य यसै वर्ष पूरा हुने मन्त्रालयले जनाएको छ । सरकारको चालु आवको नीति तथा कार्यक्रमले पनि उक्त लक्ष्यलाई समेटेको छ। मन्त्रालयका प्रवक्ता पौडेलले विद्युतीकरण हुन बाँकी नवलपुर र तनहुँका केही ठाउँमा राष्ट्रिय प्रसारण लाइन विस्तारको काम भइरहेको बताउनुभयो।

सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली नपुगेका घरधुरीलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सूचित गरेको प्रवक्ता पौडेलले बताउनुभयो। मन्त्रालयका अनुसार प्रदेशका पाँच लाख ७५ हजार एक सय ८७ घरधुरी विद्युत् सेवाको पहुँचमा छन् । जसमध्ये राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघु जलविद्युत्, नवीकरणीय ऊर्जालगायतको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पुनहिल कप भलिबल : पुरुषतर्फ समिर फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

पुन समाज नेपालको आयोजनामा जारी प्रथम पुन हिल कप पुरुष, महिला तथा भेट्रान भलिबल प्रतियोगिताको पाँचौ दिन चार खेल सम्पन्न भएका छन् । प्रतियोगिता अन्तरगत पुरुषतर्फका क्वाटरफाइनल र एक सेमीफाइनल खेल सम्पन्न भएका छन् । शुक्रबार भएको सेमीफाइनलमा

समीर सुनचाँदीले रामबजारलाई ३-२ को सेटमा हरायो । समिरले पहिलो सेट २५-२० र दोस्रो सेट २५-२३ ले आफ्नो पक्षमा पारेपनि लागारत दुई सेट गुमायो । तेस्रो सेटमा २३-२५ र चौथो सेट १८-२५ ले गुमाएको समिरले अन्तिम सेटभने १५-१० ले हराउँदै फाइनलको यात्रा तय गरेको हो । समिरले अब भुक देउराली र माचापुच्छेबिचको



विजेतासँग फाइनल खेल्नेछ। उक्त सेमीफाइनल खेल भने प्रकाश अभावका कारण स्थगित भएको हो । त्यसअघि भएको क्वाटरफाइनल खेलमा भुक देउरालीले पुन क्लबलाई २-१ को सेटमा हरायो । पहिलो सेट २४-२६ ले गुमाएको भुक देउरालीले दोस्रो सेट २५-१८ ले आफ्नो पक्षमा पारेको थियो भने तेस्रो तथा अन्तिम सेट २६-२४ ले जित्दै सेमीफाइनलको यात्रा तय गरेको थियो । यस्तै माछापुच्छेले सिद्धिकालीलाई २-१ कै सेटमा पाखा लगायो । माछापुच्छेले पहिलो सेट २५-१४ जितेपनि दोस्रो सेट निकै रोमाञ्चक बन्दा माछापुच्छेले २८-३० ले गुमाउन पुग्यो । तेस्रो सेटमा पुनः २५-१४ को सहज जित निकाल्दै सेमीफाइनलमा प्रवेश गरेको थियो । समिर सुन चाँदीले भुर्जुङखोलालाई २-० को सोझो सेटमा हराउँदै सेमीफाइनलमा प्रवेश गरेको हो पहिलो सेट २५-२१ र दोस्रो सेट २५-२० ले आफ्नो पक्षमा पारेको हो । पुन दिवस माघ १५ को अवसर पारेर पोखरा रामघाटस्थित समाजको खेल मैदानमा जारी प्रतियोगिताको क्वाटरफाइनलसम्म बेष्ट अफ थ्री अनुसार खेलाइएको छ भने, सेमीफाइनलदेखि बेष्ट अफ फाइभको आधारमा खेलाइएको छ। यस्तै प्रतियोगिताको भेट्रानतर्फ पोखरा भेट्रान र गगनगौडा भेट्रान फाइनल प्रवेश गरेको छ भने महिलातर्फ कावासेती र माछापुच्छे फाइनलमा प्रवेश गरेको छ । समाजले विभिन्न सांस्कृतिक कार्यक्रमसहित आयोजना गरेको प्रतियोगितामा पुरुषतर्फ १८, महिलातर्फ १४ र प्रौढतर्फ १२ टोलीको सहभागिता रहेको थियो ।

# पोखरा म्याराथनलाई सहारा युकेद्वारा ५० हजार नगद हस्तान्तरण

पोखरापत्र संवाददाता
कास्की, १९ माघ

आसन्न १८ औं सस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनलाई सहारा यूकेले नगद ५० हजार सहयोग हस्तान्तरण गरेको छ।

पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि संकलित उक्त रकम शुक्रबार एक कार्यक्रमका बीच म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चलाई हस्तान्तरण गरिएको हो । सहारा युकेका नवनिर्वाचित अध्यक्ष कृष्ण गुरुङ (कृष)सहितको टोलीले ५० हजार बराबरको चेक मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीलाई हस्तान्तरण गरे । सो अबसरमा बोल्दै सहारा युकेका अध्यक्ष गुरुङले सहारा युकेको परिवारबाट संकलित उक्त रकम हस्तान्तरण गर्न पाउनु निकै गर्वको विषय रहेको जनाए। उनले भने-"यो हाम्रो सानो सहयोग हो। पक्कै पनि यो सहयोगले दुई संस्था बीचको सम्वन्धलाई अझै बलियो बनाउन र पोखरा म्याराथनलाई सफल बनाउन भूमिका खेल्नेछ ।" पोखरामा हुने खेलकुदका विभिन्न कार्यक्रमहरुले यूकेमा बस्ने नेपालीहरुलाई संधै



उत्साहित बनाउने जनाउँदै अध्यक्ष गुरुङले पोखरा म्याराथनलाई सफल बनाउन सबैलाई आर्थिक, नैतिक र भौतीक रुपमा समेत सहयोग गर्न आह्वान गरे । उनले यूकेबाट सबै सदस्यहरु पोखरा म्याराथनमा सहभागि हुने जानकारी दिए। पोखरा म्याराथनका मुख्य संयोजक दिल बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमममा मञ्चका निवर्तमान अध्यक्ष तेज बहादुर गुरुङले पोखरा म्याराथनको तयारी बारे जानकारी गराउँदै म्याराथनले विदेशमा रहेका सन्ततीहरुलाई खेलकुदको माध्यमबाट मातृभूमी आउन प्रेरित गरेको बताए। सो अवसरमा मञ्चका अध्यक्ष हरि प्रसाद पराजुली, सहारा यूकेकी सचिव एवं पूर्व राष्ट्रिय भलिबल खेलाडी मञ्जु गुरुङ, मञ्चका सल्लाहकार महेश गुरुङ, सहारा युकेका निवर्तमान अध्यक्ष ले.रि.कुसाङ गुरुङ, पूर्व अध्यक्ष कुमार गुरुङ, सहारा युकेका सल्लाहकार हरिकुमार श्रेष्ठ, सहारा युकेका मिडिया संयोजक मिलन तमु, एस.के गुरुङ, एनआरएन यूकेका पूर्व अध्यक्ष मुछेत्र गुरुङ, सहारा यूकेका सल्लाहकार कृष्ण गुरुङ, सहारा युकेका योगेश गुरुङ, एआरएनए टास्क फोर्सका संयोजक ले.रि.चन्द्र बहादुर गुरुङ, सल्लाहकार भोज बहादुर गुरुङ, यशोदा गुरुङलगायतको सहभागिता रहेको थियो। सो अवसरमा मञ्चका अध्यक्ष पराजुली र संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाटले सहयोगीहरुलाई आभार व्यक्त गर्दै प्रशंसापत्र प्रदान गरेका थिए।

# लायन्स क्लव अफ साईनिङ स्टारद्वारा न्यानो लुगा र शैक्षिक सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

लायन्स क्लव अफ साईनिङ्ग स्टारले हिमालय आधारभुत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामाग्री वितरण गरेको छ।

शुक्रवार मादी गाउँ पालिका चितेपानीमा रहेको विद्यालयका विद्यार्थीलाई शैक्षिक क्रियाकलापमा सघाउ पुर्‍याउने उद्धेश्यले न्यानो कपडा र शैक्षिक सामाग्री वितरण गरिएको क्लवका अध्यक्ष पोषराज पौडेलले जानकारी दिए । विद्यालयमा आयोजित कार्यक्रममा लायन्स डिस्ट्रीक ३२५ एम का अर्न्तराष्ट्रिय गर्भनर भिमलाल



पौडेल, क्लवका अध्यक्ष पोषराज पौडेलले विद्यालयमा अध्ययनरत गरिव तथा विपन्न परिवारका १४ जना विद्यार्थीलाई जाडोमा लगाउन ज्याकेट, स्वीटर र शैक्षिक सामाग्री वितरण गरे। कार्यक्रममा वोल्दै गर्भनर पौडेलले शैक्षिक सामाग्रीको अभाववाट कोही वावु नानी पनि वन्चित हुन नहुने वताउँदै, लायन्स क्लव सधैं समुदायसँगै रहने वताए । व्यवसायी समेत रहेका क्लवका अध्यक्ष पोषराज पौडेलले ग्रामिण भेगका अधिकांश विद्यालयमा अझै शैक्षिक सामाग्रीको अभाव रहेको वताउँदै, आफ्नो क्लव त्यस्ता विद्यालयमा पुगेर सहयोग गर्ने गरेको वताए । कार्यक्रममा मादी ५ का वडाध्यक्ष हुमनाथ अधिकारी, सदस्य डिल्लीराम अधिकारी, क्लवका सदस्य दामोदर पौडेल, तिलक सिग्देल लगायतले क्लवले गरेको कार्यको प्रशंसा गरे । पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव टोलप्रसाद गुरुङले गरेका थिए।

# 'धनिरामको गोरु' पोखरामा

पोखरापत्र संवाददाता
कास्की, १९ माघ

पद्याप्रेम थिएटरको प्रस्तुतिमा पोखरामा 'धनिरामको गोरु' नाटक मञ्चन भइरहेको छ । नाटककार केदारनाथ पौडेलद्वारा लिखित नाटकको निर्देशन कपिल शर्माले गर्नुभएको नाटक आगामी माघ २७ गतेसम्म चल्ने पद्याप्रेम थिएटरका अध्यक्ष सावित्रा पाठक (सबु)ले जानकारी दिनुभयो।

उहाँका अनुसार नाटकमा कलाकार दिलप्रसाद गुरुङ, विभुप्रसाद भुसाल, सावित्रा पाठक, ज्योति हमाल, शीतला अधिकारी, सुमना कार्की, रामहरि अधिकारी, दिव्य अमृत, अर्जुन गुरुङ, पवन विक र अभिषेक भुसाल रहनुभएको छ । पोखरा थिएटर गैरापाटनमा बिहीबारदेखि सुरु नाटक हरेक दिन बेलुका ५ बजे र शनिबार दिउँसो १ बजे गरी १२ वटा सो मञ्चनको तयारी गरिएको उहाँले जानकारी दिनुभयो । नाटकलाई विद्यालय र क्याम्पसका विद्यार्थी केन्द्रित गराउने योजनासमेत रहेको उहाँले बताउनुभयो । नाटकमा नेपाली ग्रामीण समाज, त्यहाँका किसान र उनीहरूका वास्तविक भोगाइलाई देखाउन खोजिएको लेखक पौडेलले बताउनुभयो।

समाजमा रहेपछि त्यहाँ माया, सम्मान, शत्रु, मित्र सबै हुन्छन् तर पनि त्यहाँ आफ्नो हुन्छ भन्ने कुरा देखाउन खोजिएको बताउँदै उहाँले पछिल्लो समयमा बढ्दो प्रविधिलाई किसानले आत्मसात् गर्नुपर्ने र जानेर वा नजानेर प्रयोग गर्दा भोग्नुपर्ने विभिन्न भोगाइलाई नाटकमा देख्न सकिने बताउनुभयो । करिब एक घण्टा १५ मिनेट लामो यो नाटक केही वर्षअघि गण्डकी प्रज्ञा उत्सवका अवसरमा पोखरास्थित गण्डकी प्रज्ञा प्रतिष्ठानको भानु हलमा इन्द्रेणी थिएटरको प्रस्तुतिमा मञ्चन गरिएको थियो।

नाटक हेर्न दर्शकहरूको आकर्षण बढिरहेको आँबोइ (हजुरआमा)को भूमिकामा रहनुभएकी कलाकार ज्योति हमालले बताउनुभयो । नाटकमा पोखरेलीको महत्त्वपूर्ण साथ र सहयोग पाउनेमा आफूहरू विश्वस्त रहेको उहाँको भनाइ छ।

# सुशासन ...

बताउनुभयो । उपप्रधानमन्त्री श्रेष्ठले बैंकसँग ऋण लिएर ऋण तिर्दिन भन्दै अवाञ्छित माग राखी शान्ति सुव्यवस्थामा खलल पुऱ्याउने, सामाजिक सञ्जालको दुरुपयोग गरी धार्मिक तथा जातीय अतिवाद बढाउने, सहिष्णु समाजको सद्भावमा विग्रह ल्याई निहित स्वार्थ पूरा गर्ने प्रवृत्ति देखा परेको बताउनुभयो । सङ्गठित अपराध, जबर्जस्ती असुली, चेलीबेटी बेचबिखन नियन्त्रण र अपराधीसँग साँठगाँठ गर्ने जोसुकैलाई सेवाबाट बर्खास्त गर्ने व्यवस्था अपराधविरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्दै अगाडि बढ्न उहाँले निर्देशन दिनुभयो। वित्तीय अपराधका कारण धेरै ठूलो सङ्ख्यामा नागरिक ठगिएका र कतिपय बेघरबार बनेको बताउँदै उहाँले सहकारी, अनुचित लेनदेन, सामाजिक सञ्जाल र इन्टरनेटमा आधारित अवैध वित्तीय कारोबार, वैदेशिक रोजगारीको प्रलोभनमा हुने ठगीलगायत अपराधको नियन्त्रण चुनौती बनेको बताउनुभयो। सडक सुशासन कायम गरी जनधनको संरक्षण गर्न तीन तहकै सरकार, आमजनसाधारण, सेवाप्रदायक, नियामक निकाय, सबैको प्रयास आवश्यक भएको बताउँदै गृहमन्त्रीले त्यसनिम्ति स्थानीय प्रशासनले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो।

लागु औषध दुरुपयोग नियन्त्रण, प्राकृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण साना हातहतियारको अवैध ओसारपसार नियन्त्रण गैरव्यावसायिक क्रियाकलापको नियन्त्रण गरी उपभोक्ता र सर्वसाधारणको हित संरक्षण उत्तिकै महत्वपूर्ण विषय भएकाले यो क्षेत्रमा योजनाबद्धरुपमा कार्ययोजना बनाई काम गर्न उहाँले आग्रह गर्नुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशमा भारतसँग र चीनसँग जोडिने सीमानाका रहे पनि त्यसको अपेक्षित लाभ लिन नसकिएको बताउनुभयो । वित्तीय सङ्घीयताको चर्चा गरिए पनि प्रदेश सरकारले छुट्याएको रकमको परिचालन गर्न पनि सङ्घको स्वीकृति लिनुपर्नेलगायत व्यवस्था रहेको उहाँलेबताउनुभयो।गृहमन्त्रालयका सचिव दिनेश भट्टराई, प्रदेश सचिव यमुना प्रधानले देशमा शान्तिसुरक्षा कायम गर्न भएका प्रयासबारे जानकारी दिनुभएको थियो।

# अब सातामा तीन दिन संसद् र तीन दिन समितिका बैठक हुने

रासस
काठमाडौं, १९ माघ

संसद्को आउँदो हिउँदो अधिवेशनलाई व्यवस्थित र प्रभावकारी बनाउन सातामा तीन दिन संसद्को बैठक र तीन दिन संसदीय समितिका बैठक हुने गरी कार्यतालिका तयार गरिएको छ।


संसद् सचिवालयले बनाएको तीन महिने सो प्रस्तावमाथि आज प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राजनीतिक दलका प्रमुख सचेतक तथा सचेतकबीच आज भएको छलफल भएको हो । पहिलो चरणमा यही माघ २२ गतेदेखि १५ दिनसम्मका लागि कार्यान्वयन हुने गरी समर्थन गरिएको बैठकमा सहभागी नेकपा (एमाले) का सचेतक महेश बर्तौलाले जानकारी दिनुभयो। उहाँका अनुसार कुन दिन संसद् बैठक बस्छ भन्ने पहिल्यै जानकारी हुने भएकाले सांसदलाई समय व्यवस्थापन गर्न सहज हुने बताउँदै त्यही बीचमा सरकारले कस्ता विधेयक पेस गर्ने पूर्व निर्धारण गर्नेगरी सहयोग गर्नुपर्ने विषयमा बैठकमा छलफल भएको जनाउनुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गाउँमा सडक पुग्यो, मासिए सम्पदा

रासस
म्याग्दी, १९ माघ / रासस

उफ्किएका छपनी र लथालुङ्ग परेका ढुङ्गा। वरिपरि सिस्नो र वनमाराको जङ्गल। लेउलागेको कुँवामा पातैपात। बाटैमाभेटिनेबाँदर,तित्रोरकालिज भेटिने बेनी नगरपालिका-२ बगरफाँटदेखि वडा कार्यालय रहेको ज्यामरुककोटको भकुण्डेचौर जाने पुरानो गोरेटो बाटोको अवस्था हो यो।

गाउँगाउँमा सडक सञ्जाल पुगेपछि जिल्लाका प्रायः सबै ठाउँका पुराना गोरेटो बाटो र बिसाउने चौतारीका अवस्था यस्तै छ। सडकका कारण गाउँ पुग्ने गोरेटा बाटा नासिएका छन्। सडकबाटै मानिस आवतजावत गर्ने भएपछि मर्मतसम्भारको अभावमा गाउँ पुग्ने गोरेटो बाटा भत्किएका छन् भने कतिपय बाटोको त नामोनिसान पनि मेटिएको छ। "गोरेटो बाटोको नामोनिसान छैन। जताततै मोटर गुड्न थालेपछि यात्रुले थकाइ मेटाउने चौतारी तथा बिसाउनी नसिएका छन्। कुँवा, धारो र पँधेरा देखिन छोडेका छन्", खबराका यामबहादुर घिमिरे भन्नुहुन्छ, "वनजङ्गल पनि उराठलाग्दो बनेका छन्। मानिस आउन छोडेपछि जङ्गल त घना भएको छ। घाँस दाउरा र स्याउला, प्रयोग गर्न छोडेपछि त जङ्गलको बाटो हिँड्न पनि उराठलाग्दो छ।" गोरेटो बाटो नासिँदै गएपछि गाउँको सुन्दरता र मानिसबीचको आत्मीयता पनि कम हुँदै गएको खबराका चन्द्रबहादुर कार्की बताउनुहुन्छ। "डिम्मराको उकालो उक्लेर गौडालाउनेको चौतारीमा पुगेपछि आँत हर्र हुन्थ्यो। यहाँको सितल हावा र चिसो पानीले बेनीदेखि उकालो बाटो हिँडेर गौडालाउनीसम्म आइपुग्दाको दुःख बिर्साउदथ्यो", उहाँ भन्नुहुन्छ, "बाटो हिँडेर घरमा आउजाउ गर्दा, बाटोमा भेटिएका दौतरीसँग दुःखसुखको कुरा गर्दै हिँड्दा, अनि साँझमा घर आएर महीसँग मकै चपाउँदाको आनन्द अब कहाँ पाउनु ?" गाउँ गाउँमा पुगेका सडकका कारण गाउँलेलाई सुविधा र सास्ती दुवै मिलेको बताउनुहुन्छ, मालिका गाउँपालिका वडा नं २ का टेकबहादुर विक। "बस्ती बस्तीमा गाडी आउँछ, दरबाङ, बेनी जहाँबाट मगायो त्यहीँबाट सामान घरको आँगनमा नै ल्याइपुऱ्याइदिन्छ। बिरामी हुँदा अस्पतालसम्म गाडी चढेरै जान पाइन्छ यो त राम्रो हो", विक भन्नुहुन्छ "तर, वर्षामा भने न गाडी आउँछ न माटो बग्न रोकिन्छ। पहिरोले उठिबास लगाउने डर हुन्छ।" वातावरणीय मूल्याङ्कन नगरिकन जथाभावी खनिएका ग्रामीण सडकले गाउँको सौन्दर्य त नास भएको छ नै, भूस्खलन र बाढी पहिरोको जोखिम पनि बढाएको छ।

भिरालो भूगोलमा भएका गाउँ थप जोखिममा परेका छन्। ती गाउँसम्म जाने गोरेटो बाटो नासिए पछि गाउँलेलाई घुमाउरो बाटो प्रयोग गरेर गाउँसम्म पुग्नुपर्ने बाध्यता छ। "सडक खन्दा घुमाउरो (नागबेली) पारेर खन्छन्, गाउँका खोल्सा खाल्सी, सत्तल, पाटी, चौतारो, कुवा, गोरेटो केही पनि बचेनन्", धौलागिरि गाउँपालिका ५ मल्काबाङका कर्म छन्त्याल भन्नुहुन्छ, "गाडी चढेर गाउँमा नौला मान्छे त आउँछन् तर सहर बजार भन्नेका आफन्तलाई भेट्न चाडपर्व नै कुर्नुपर्दछ।"

सडकले गोरेटो बाटो मासेपछि वस्ती पनि टाढा टाढाजस्ता भएका छन्। पहिला छोटो गोरेटो बाटो प्रयोग गरेर एक गाउँदेखि अर्को गाउँमा पुग्न सकिन्थ्यो तर अब गोरेटो बाटो नै नरहेपछि सडक हुँदै जाँदा घुमाउरो हुन्छ। चाहेको बेलामा छिमेकीकहाँ पुग्न पनि नसकिने अवस्था भएको उहाँको भनाइ छ।

सडकले गोरेटो बाटो मात्रै मासेको होइन, ग्रामीण पहिचान बोकेका अनेकौँ सम्पदा पनि नासिएका खबराका चन्द्रबहादुर कार्की उल्लेख गर्नुहुन्छ। उहाँ बेनी ज्यामरुककोटको गोरेटो बाटो नासिएपछि राजा भर्तिवम मल्लका अङ्गरक्षकले हातहतियार उधाउने बञ्चरेढुगा अस्तित्वविहीन भएको छ भन्नुहुन्छ। भर्तिवम मल्लले पानी खाने गरेको राजकुवा अहिले पुरिने अवस्थामा पुगेकाले स्थानीय बुद्धिजीवी टीकाबहादुर कार्कीको पहलमा संरक्षणको प्रयास गरिए पनि त्यो प्रयास पर्याप्त नभएको कार्कीको भनाइ छ। यस्तै त्यसबेलाका राजा र उनका सहयोगी शिकार खेल्न जाँदा आराम गर्ने गरेको कैडा लाउनेको चौतारो अवशेषका रुपमा रहेको र अहिलेसम्म मर्मत गर्नेतर्फ कसैको ध्यान नपुगेको स्थानीय बूढापाका बताउँछन्। "नासिएर गएका सम्पदालाई फिर्ता ल्याउन नसके पनि यहाँको इतिहाससँग जोडिएका बचेको प्राकृतिक सम्पदा संरक्षण हुन नसक्नु ज्यादै दुःखद् कुरा हो, इतिहासको संरक्षण गर्न सकिएन भने भोलिको पुस्ताले हामीलाई सराप्ने छ", स्थानीय सोही ठाउँ निवासी टीकाबहादुर कार्की गुनसो गर्नुहुन्छ।

गोरेटो बाटो (पदमार्ग) मासिएपछि घोडेपानी पुनहिलजस्ता पर्यटकीय क्षेत्रमा विदेशी पर्यटकको सङ्ख्या पनि घट्दै गएको र उनीहरुको बसाइ पनि कम हुँदै गएको छ। पर्यटक घट्नुको प्रमुख कारण कच्ची सडकले पदमार्गलाई विस्थापित गर्नु नै मानिएको छ। अन्नपूर्ण पदमार्ग क्षेत्रमा बढ्दो कच्ची सडक र धुलोका कारण विदेशी पर्यटकको आकर्षण घट्दै गएको घोडेपानीका पर्यटन व्यवसायी क्या डमबहादुर पुन बताउनुहुन्छ। "पर्यटक यहाँ गाडी चढ्न र पिज्जा,वर्गर खानमात्र आउने होइनन्, रमणीय डाँडाकाँडा र पहाडमा पदयात्रा गर्न आउने हुन्, अब सडक नै सबै पदमार्गलाई विस्थापित गर्दै खनिएका छन्, कच्ची सडकमै पर्यटकलाई धुलो धुँवा खुवाएर हिँडाउनुपर्छ, यो उनीहरुलाई मन पर्ने कुरा भएन", उहाँको गुनासो छ।

एक नगरपालिका र पाँच गाउँपालिका गरी छ स्थानीय तह रहेको म्याग्दीमा ४५ वडा छन्। ती वडामध्ये धौलागिरि गाउँपालिका-१ गुर्जाबाहेक अरु सबै वडाका बस्तीमा सडक पुगेको छ।

# बालोदयमा जिल्लास्तरीय चित्रकला प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ



बालोदयमा माध्यमिक विद्यालयको ३६ औं स्थापना दिवसको अवसरमा जिल्लास्तरीय अन्तर विद्यालय चित्रकला प्रतियोगिता सम्पन्न गरिएको छ।

विद्यालयमा स्थापित बालोदय आर्ट एण्ड क्राफ्ट क्लबको आयोजना, विद्यालयका प्रबन्ध निर्देशक दुर्गा दत्त पगेनीको अध्यक्षता तथा पोखरा मनपा वडा नं १७ का वडा अध्यक्ष राधिका कुमारी शाहीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा ४३ वटा विद्यालयका ७२ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो। प्रतियोगितामा रिलायन्स पब्लिक स्कुलका छात्रा सृष्टि नेपाली प्रथम, सोही विद्यालयका छात्रा कृष्टिना गुरुङ द्वितीय, बिभुती विद्या सदनका छात्रा इच्छा गुरुङ तृतीय र सबलाइम मा वि का रेजिना ढकालले सान्त्वना स्थान प्राप्त गरेका छन्। प्रतियोगिताको समापन समारोहमा बोल्दै प्रमुख अतिथि शाहीले यस्ता खालका सिर्जनशील कार्यक्रमले विद्यार्थीहरुको अन्तरनिहित प्रतीभाको प्रस्फुटन हुने कुरा व्यक्त गर्नुभयो। साथै प्रतियोगिताका विजयी तथा सहभागी सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालयका प्राचार्य टेकनाथ पौडेलले बधाई तथा शुभकामना व्यक्त गर्नुभयो। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान प्राप्त गर्न सफल विद्यार्थीहरुलाई क्रमशः नगद दश हजार, पाँच हजार, तीन हजार र दुई हजार तथा ट्रफी एवम् प्रमाणपत्र सहित विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा पुरस्कृत गरिने जानकारी कार्यक्रम संयोजक शिव सिर्पालीले गराउनुभयो।

# माउण्ट अन्नपूर्णमा प्रतिबद्धता प्रदर्शन

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ



माउण्ट अन्नपूर्ण मा.वि. नदीपुरका विद्यार्थीका बीच जनचेतनामूलक चलचित्र प्रतिबद्धता प्रदर्शन गरिएको छ।

एड्स रोग नियन्त्रण संघ कास्कीले जनचेतना जगाऔं एचआइभी एड्स् हटाऊ भन्ने मूल उद्घोषका साथ निर्माण गरेको उक्त फिल्म संघले विभिन्न समय-समयमा प्रदर्शन गरे पछिल्लो पुस्तामा जनचेतना लगाउँदै आएको संघका अध्यक्ष विश्वमोहन गौचनले जानकारी गराए।

सामुदायिक सेवा केन्द्र बगरका अध्यक्ष रामप्रसाद अधिकारीले भण्डै तीन दशक अगाडिदेखि क्रियाशील एड्स रोग नियन्त्रण संघले लक्ष्मी र प्रतिबद्धता दुई जनचेतनामूलक फिल्मका साथै सचेतनामूलक गीतसमेत निर्माण गरेर समाजमा उल्लेख्य काम गरेको बताए। उनले संघको आयोजना र केन्द्रको सहआयोजनामा विभिन्न समयमा यसरी नै फिल्म प्रदर्शन हुँदै युवा पुस्तामा सचेतना फैलाउँदै आएकोसमेत जानकारी दिए। विद्यालयका प्रधानाध्यापक सइन्द्र श्रेष्ठले विद्यार्थी भाइबहिनीले सामान्य ठानेका घटना तथा विषयवस्तुले कालान्तरमा दुर्घटना निम्त्याउन सक्ने भएकाले त्यसबाट सचेत गराउन फिल्म उपयोगी रहेको धारणा राखे।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवाका प्रहरी हवल्दार गौतमकुमार हायुले पछिल्लो समय बढ्दै गएको साइबर अपराधबारे विद्यार्थीलाई सचेतना गराएका थिए।

# दुई जिल्लामा सीमित 'रुट परमिट' खारेज

पोखरापत्र संवाददाता
म्याग्दी, १९ माघ

गण्डकी प्रदेशमा दुई जिल्लामा सीमित गरिएको सार्वजनिक सवारीसाधनको 'रुट परमिट' खारेज भएको छ। गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० मा सार्वजनिक सवारीसाधनले प्रदेशभरिकै रुट परमिट लिन पाउने व्यवस्था गरिएको हो।

प्रदेश सरकारले बिहीबार राजपत्रमा प्रकाशन गरेको नियमावली कार्यान्वयनमा आएसँगै दुई जिल्लामा सीमित गरिएको रुट परमिट खारेज भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ। गण्डकीमा सञ्चालन हुने जीप र ट्याक्सीमा लागू गरिएको दुई जिल्ला परमिटको अव्यावहारिक नीतिगत व्यवस्था खारेज भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले बताउनुभयो। "व्यवसायीले चाहनाअनुसार प्रदेशभर रुट परमिट लिन पाउने व्यवस्था गरेका हौँ", उहाँले भन्नुभयो, "तोकिएको दुईभन्दा बढी जिल्लामा जानका लागि अस्थायी रुट परमिट लिनुपर्ने झन्झट हटाएका छौँ।" एकै ठाउँमा मात्र व्यवसायीलाई केन्द्रित हुन नदिनका लागि आवश्यकताको आधारमा प्रदेशभरको रुट इजाजत दिने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ। पाँच वर्षपछि दुई जिल्लामा परमिटको अव्यावहारिक नियम हटेकामा यातायात व्यवसायी र यात्रुले खुसी व्यक्त गरेका छन्।

प्रदेश राजधानी पोखरा अवस्थित कास्की पुग्न अर्को जिल्लाको सडक प्रयोग गर्ने गोरखा, लमजुङ, मुस्ताङ, म्याग्दी, नवलपुर, मनाङ र बागलुङ जिल्लाका ट्याक्सी, जीप व्यवसायी र यात्रुका लागि नयाँ व्यवस्थाले सहज हुने बेनी यातायात प्रालिका सञ्चालक भोजबहादुर थापाले बताउनुभयो। "ट्याक्सी सेवा लिने धेरै यात्रुको आकस्मिक काम परेका र बिरामी नै हुने गर्छन्", उहाँले भन्नुभयो, "एकपटकलाई मात्र जारी हुने पटके लिन राति र कार्यालयबाहेकको समयमा कर्मचारीलाई फोन गरेर उनीहरुको घर, निवास र डेरामा पुगेर पटके लिनुपर्ने समस्या हटेको छ।"

सम्बन्धित सार्वजनिक सवारी धनी वा व्यवसायी कम्पनीको मागबमोजिम प्रदेशभित्रको मार्ग इजाजत दिइने भएको हो। प्रदेशभर, बहुजिल्ला, एक जिल्ला, निश्चित पालिका वा क्षेत्र तोकी मार्ग इजाजतपत्र जारी गरिने भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले बताउनुभयो।

राजपत्रमा प्रकाशन भएको नियमावली कार्यान्वयनका लागि मातहतका कार्यालयमा पत्राचार गरिएको उहाँले बताउनुभयो। अन्तर प्रदेश मार्ग इजाजतको हकमा सम्बन्धित निकायको निर्देशनबमोजिम कार्यालयले मार्ग इजाजत जारी गर्नसक्ने व्यवस्था गरिएको छ।

एउटा मार्गका लागि इजाजतपत्र प्रयोग गरिरहेको सवारी धनी वा व्यवस्थापकले सो मार्गमा सवारी चलाउने चालकले अर्को मार्गमा सवारी चलाउने भएमा त्यसरी सवारी चलाउने मार्गको इजाजतपत्र लिनका लागि साविकको इजाजतपत्र दिने कार्यालयले दिएको सहमतिपत्र संलग्न गर्नुपर्ने व्यवस्था राखिएको यातायात व्यवस्था कार्यालय कास्की (सवारी)का प्रमुख डिल्ली रिजालले जानकारी दिनुभयो। उहाँका अनुसार गण्डकी प्रदेशमा सार्वजनिक र निजी गरी पाँच लाख सवारीसाधन दर्ता छन्।

# वरिष्ठ पत्रकार भण्डारीको 'फर्केर हेर्दा' बजारमा

पोखरापत्र संवाददाता
दमौली, १९ माघ

तनहुँका वरिष्ठ पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी विश्वबन्धु भण्डारीको कृति 'फर्केर हेर्दा' बजारमा आएको छ। तनहुँको भिमाद नगरपालिका-६ निवासी भण्डारीको एक सय २२ पृष्ठ लामो जीवनवृत्तान्त पुस्तक बजारमा आएको हो।

पुस्तकमा विभिन्न कालखण्डमा घटेका महत्वपूर्ण गतिविधि समेटिएको भण्डारीले राससलाई जानकारी दिनुभयो। पुस्तकमा ४० उपशीर्षकमा लेखरचना समावेश छन्। यसलाई पाँच अध्यायमा विभक्त गरिएको उहाँको भनाइ छ। पहिलो अध्यायमा बाल्यकाल, शिक्षा आर्जन र जागिरे जीवनलाई चित्रण गरिएको छ। दोस्रो अध्यायमा राजनीतिक गतिविधि समावेश छ। तेस्रो अध्यायमा पत्रकारिताबारे उल्लेख छ भने चौथो अध्यायमा जीवनका विविध विषयका लेखरचना समावेश छ। त्यस्तै पाँचौँ अध्यायमा केही पूर्वप्रकाशित लेख समावेश गरिएको छ।

प्रेस स्वतन्त्रता सेनानी भण्डारीले भन्नुभयो, "मेरो स्मृति पटलमा अमिट छापका रुपमा सम्झनाका पाना पल्टाउँदै गर्दा पुस्तक तयार भएको छ। बाल्य कालदेखिका मेरा व्यक्तिगत जीवनसँग जोडिएका घटनाक्रममा आधारित पुस्तक नेपाली वाङ्मय भण्डारमा के कति उपयोगी होला पाठकको छनोटको विषय हो भन्ने लागेको छ।" पुस्तकमा प्रसङ्गवस आएका कुरा मात्र टिपोट गरेको जनाउँदै भण्डारीले सबैकुरा समेटिने सम्भावना रहेको उल्लेख गर्नुभयो। पुस्तकमा आरम्भ शिक्षा र जागिर, राजनीतिक यात्रा, पत्रकारिता, विविध र पूर्व प्रकाशित केही लेखलाई समेटिएको छ।

# दुई जिल्ला जोड्ने सडक : तीन पटक म्याद थप्दा ६० प्रतिशत काम

पोखरापत्र संवाददाता
ढोरपाटन, १९ माघ

बागलुङको गलकोट हटिया बजारबाट ताराखोला हुँदै म्याग्दी जोड्ने सडक स्तरोन्नति गर्न थालिएको चार वर्ष भयो। विसं २०७६ कात्तिकमा सम्झौता गरी काम सुरु भए पनि हालसम्म आधा मात्रै काम सकिएको छ।

पूर्वाधार विकास कार्यालय बागलुङले एपेक्स खड्का कृष्ण कन्स्ट्रक्सनलाई दुई वर्षमा सक्ने गरी जिम्मा दिएको थियो। विसं २०७८ कात्तिक मसान्तसम्म सक्नुपर्ने काम तीन पटक म्याद थप गर्दा जम्मा ६० प्रतिशत काम भएको छ। दुई जिल्ला जोड्ने सडकको काम सुस्त गतिमा हुँदा यात्रा गर्न निकै कठिन भएको छ। निर्माण कम्पनीले लामो समय काम रोकेको थियो। निर्माण कम्पनीले अहिले कामदार खटाएर काम गरिरहेको छ। दुई दशकसम्म कच्ची सडक हुँदा समय-समयमा दुर्घटना हुने गरेको छ भने यात्रा निकै कष्टकर हुने गरेको यात्रुको भनाइ छ। निर्माण कम्पनीले सम्झौता गरेर काम गर्न आएदेखि समस्यामा सहजीकरण गर्दै आए पनि समयमै काम गर्न नसकेको गलकोट नगरपालिकाका प्रमुख भरत शर्माले बताउनुभयो। बारम्बार काम गर्न आग्रह गरे पनि अटेर गर्दै आएको उहाँको भनाइ छ। समयमै सडक कालोपत्रे नहुँदा गलकोट नगरपालिका र ताराखोला गाउँपालिकाका हजारौँ नागरिकले सास्ती भोग्नु परेको उहाँ बताउनुहुन्छ। वडा नम्बर ५ को हरिचौरमा नगर अस्पताल सञ्चालन गरेको र नागरिक उपचारका लागि त्यहाँ जाँदा बढी समस्या खेप्नुपरेको प्रमुख शर्माले सुनाउनुभयो। सडक आसपासका स्थानीय वर्षामा हिलो र हिउँदमा धुलोले आजित बन्ने गरेका छन्। सडक साँघुरो र अप्ठ्यारो हुँदा यात्रा गर्दा निकै जोखिम मोल्नुपरेको उहाँको भनाइ छ। प्रमुख शर्माले भन्नुभयो, "ट्र्याक खुलेको धेरै वर्षपछि सडक स्तरोन्नति हुँदा स्थानीय खुसी भएका थिए, हामी पनि खुसी थियौँ तर निर्माण कम्पनीले चार वर्ष बित्न लाग्दा पनि काम सकेको छैन, हटिया बजारदेखि नगरपालिकाको कार्यालयसम्मको केही भाग नगरपालिकाले पनि काम गरेको छ, यतिका समयसम्म काम नगर्दा स्थानीय आक्रोशित भएका छन्, हामीले सहयोग गर्दा पनि समयमा काम गर्न सकेको छैन।"

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : स्वस्थ्यमा सुधार |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/१०/१९

यस कार्यालयबाट मिति २०७०/०५/१८ मा कास्की जिल्ला पोखरा ०२ कास्कीमा संचालन गर्ने गरि राइनास ०४ लमजुङ निवासी कृष्ण राज ढकालको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ९२९१/०७०/०७१ (१३८) को ग्रिन लाइफ डेण्टल केयर सेण्टर नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/१०/१९ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पर्यटन तथा उद्योग कार्यालय
कास्की

# 'आत्मनिर्भर र समुन्नत प्रदेश: सम्मानित प्रदेशवासी'को सोचमा गण्डकी प्रदेश

वासुदेव पौडेल/ऋषिराम बराल
गण्डकी, १९ माघ / रासस

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको लागि गत साउनदेखि काम थालेको गण्डकी प्रदेश नीति तथा योजना आयोग यतिखेर उक्त योजनाको मस्यौदा तयार गर्ने गरी तयारीमा जुटिरहेको छ । प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनले अपेक्षित गति लिन नसकेको चर्चा भइरहेको अवस्थामा आयोगले दोस्रो पञ्चवर्षीय योजनालाई व्यावहारिक रुपमा नै कार्यान्वयन गर्नेगरी सम्बद्ध निकायमा निरन्तर छलफल गरिरहेको छ ।

गण्डकी प्रदेश सरकार स्थापना भएपछि तर्जुमा गरिएको प्रथम पञ्चवर्षीय योजना(आव २०७६/७७-२०८०/८१)ले समावेशी, सन्तुलित र दिगो आर्थिक, सामाजिक गन्तव्य पहिचान गरेको थियो । प्रथम पञ्चवर्षीय योजनाको कार्यान्वयनको पहिलो आर्थिक वर्षमा नै कोभिड-१९ महामारीका कारण प्रादेशिक अर्थतन्त्र शिथिल र सङ्कुचित हुन पुगेको सरकारको बुझाइ छ ।

पहिलो पञ्चवर्षीय योजनाको समीक्षा गर्दै दोस्रो पञ्चवर्षीय योजनाका लागि सम्बद्ध क्षेत्र एवं निकायसँग निरन्तर छलफल गर्दै प्रदेश नीति तथा योजना आयोग त्यसको तयारीमा जुटिरहेको गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बताउनुभयो । दोस्रो पञ्चवर्षीय योजनाका लागि उत्पादकत्व, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य छ । अवधारणापत्रमा उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा रुपान्तरण गर्नु, विकासका पूर्वाधारको सुदृढीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी सिर्जना गर्नुलाई उद्देश्यका रुपमा राखिएको छ । समन्यायिक वितरण सुनिश्चित गरी सामाजिक न्याय स्थापित गर्नु, गुणस्तरीय सार्वजनिक सेवा र सुशासन अभिवृद्धि गर्नु र मानव पुँजी, उत्थानशील विकास र आर्थिक क्रियाशीलतामार्फत समृद्धि हासिल गर्नु योजनाका उद्देश्य रहेका छन् ।

अवधारणापत्रमा तीन शीर्षकमा समष्टिगत रणनीति उल्लेख गरिएको छ । प्रादेशिक विकास प्रयासमा देखिएका अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै प्रादेशिक विशिष्टताको आधारमा उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने, सबै तहको सरकार र शासकीय साझेदारको अन्तरसम्बन्धलाई सबलीकरण र सुदृढीकरण गर्ने विषयलाई समष्टिगत रणनीतिमा समेटिएको छ । आयोगले संरचनात्मक रुपान्तरणका क्षेत्र र रणनीतिका रुपमा विभिन्न १० वटा क्षेत्र तय गरेको छ । प्रादेशिक अर्थतन्त्रको सुदृढीकरणका लागि उपलब्ध प्राकृतिक, मानवीय एवं आर्थिक स्रोत साधनको उच्चतम परिचालन गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने रणनीति लिएको छ । उत्पादन, व्यापार र निर्माण क्षेत्रको सबलीकरण गरी अर्थतन्त्रलाई गतिशील बनाउने, रोजगारी सिर्जना, उत्पादन, उत्पादकत्वमा वृद्धि एवं पुँजी निर्माण हुनेगरी स्रोतको अधिकतम परिचालन गर्ने विषयमा जोड दिइएको छ । वित्तीय स्रोत पहिचान र व्यवस्थापनका लागि राजस्व प्रणालीमा संस्थागत र संरचनागत सुधार गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहबीचको वित्तीय अन्तर सम्बन्धलाई मजबुत बनाइ स्रोतको नयाँ सम्भावना खोजिने रणनीतिमा उल्लेख छ । सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण र सशक्तीकरणका लागि स्रोत साधन, उपलब्धि र प्रतिफल सबै वर्ग, क्षेत्र, लिङ्ग, समुदायमा न्योचित परिचालन गर्ने, सामाजिक संरक्षण र सुरक्षाको दायरा फराकिलो बनाइ सबै नागरिकलाई विकासको मूल प्रवाहमा समाहित गर्ने लगायतका विषयलाई प्राथमिकतामा राखिएको छ । श्रम, रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरणका सन्दर्भमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको आयआर्जन तथा क्षमता अभिवृद्धिका लागि सीपमूलक तालिम, पुँजी र प्रविधि हस्तान्तरणमा जोड दिइने भनिएको छ । नवप्रवर्तन, प्राविधिक तथा सीप विकास तालिम एवं आवश्यक सहयोगमार्फत युवा जनशक्तिलाई उद्यमशीलतातर्फ अभिप्रेरित गर्ने लगायतका विषयलाई समेट्न खोजिएको छ । गुणस्तरीय शिक्षा तथा स्वास्थ्य क्षेत्रको सबलीकरणका लागि पञ्चवर्षीय योजनामा गुणस्तरीय, पहुँचयोग्य, प्रविधिमैत्री र जीवनोपयोगी शैक्षिक उन्नयनका लागि प्रादेशिक शिक्षाको मापदण्ड लागू गर्ने अवधारणापत्रमा उल्लेख छ । उच्च शिक्षालाई वैज्ञानिक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाइ प्रदेशलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने, स्वास्थ्य प्रणाली सुदृढीकरण र सुशासनमार्फत गुणस्तरीय, आधाभूत एवं विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्ने लगायतका विषय उल्लेख गरिएको छ ।

आयोगले दिगो पूर्वाधार विकास, पर्यटन र सहरीकरणका लागि उत्थानशील पूर्वाधार निर्माण गरी आर्थिक प्रतिफल र जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुऱ्याइ समन्यायिक वितरण गर्ने भनेको छ । ठूला पूर्वाधार, नवीनतम प्रविधि र तुलनात्मक लाभका क्षेत्रमा वैदेशिक लगानी र सहायता परिचालन गर्ने लगायतका कुरालाई अवधारणापत्रमा समेटेको उपाध्यक्ष देवकोटाले जानकारी दिनुभयो ।

वन, वातावरण, जैविक विविधता तथा विपद् जोखिम व्यवस्थापनका लागि वन, वातावरण, तालतलैया र जलाधारको दिगो व्यवस्थापन गरी हरित अर्थतन्त्रको विकासमा जोड दिने उल्लेख गरिएको छ । जलवायुमैत्री तथा न्यून उत्सर्जनमुखी ऊर्जा एवं नवीन प्रविधिको विकास एवं संरक्षणमार्फत आर्थिक उपार्जनमा जोड दिने अवधारणापत्रमा भनिएको छ ।पुँजी निर्माण र लगानीका लागि आयोगले लगानीमैत्री वातावरण तयार गरी आन्तरिक तथा बाह्य लगानी, वैदेशिक सहायता र आन्तरिक ऋण तुलनात्मक लाभका क्षेत्रमा परिचालन गर्ने उल्लेख गरेको छ । त्यस्तै प्रदेशमा लगानीका सम्भाव्य क्षेत्रको पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ता एवं विकास साझेदारलाई आकर्षित गर्ने लगायतका विषयलाई अवधारणापत्रमा उल्लेख गरिएको छ । विनियोजन कुशलता, पुँजीगत खर्च र संस्थागत सक्षमताका लागि लाभ र लागत विश्लेषणका आधारमा नतिजामूलक आयोजना छनोट गरी स्रोतको विनियोजन गर्ने उल्लेख गरिएको छ । वित्तीय जोखिमका क्षेत्र पहिचान गरी न्यूनीकरणका उपकरणबाट वित्तीय सुशासन कायम गर्ने लगायतका विषय समेट्न खोजिएको छ । सुशासन तथा सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा प्रदेशका मौजुदा संरचनालाई चुस्त, कार्यमुखी तथा नागरिकमैत्री ढाँचामा रुपान्तरण गरी सुशासनको सुनिश्चितता गर्ने भनिएको छ । आम सञ्चार क्षेत्रलाई स्वतन्त्र, व्यावसायिक, प्रतिस्पर्धी र मर्यादित बनाइ नागरिकको पहुँच विस्तार गर्ने, निष्पक्ष एवं पारदर्शी न्याय प्रणालीको विकास एवं मानव अधिकारको सम्मान, संरक्षण, उपयोगमा जोड दिँदै मानवअधिकारमैत्री शासन पद्दतिको विकास गर्ने लगायतका विषयलाई अवधारणापत्रमा उल्लेख गरिएको छ । दोस्रो पञ्चवर्षीय योजना निर्माण प्रक्रिया सहभागितामूलक हुने बताउँदै उपाध्यक्ष देवकोटाले यसमा प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रगत तथ्याङ्क, अवस्था, समस्या, चुनौती र अवसर समेटिने बताउनुभयो । योजनाका लागि सम्बद्ध सबै क्षेत्र र सरोकारवालाबीच छलफल भइरहेको र अन्तिम चरणमा पुगेको बताउँदै उहाँले छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा योजनाको मस्यौदा दस्तावेजलाई परिमार्जन गर्दै लगिने र अन्तिम मस्यौदालाई प्रदेश विकास परिषद्को बैठकमा प्रस्तुत गरि अनुमोदन गराइने बताउनुभयो । यसैबीच दोस्रो पञ्चवर्षीय योजना सम्बन्धमा आयोगले पोखरामा सञ्चारकर्मीसँग अन्तरक्रिया गरेको छ । अन्तरक्रियामा सञ्चारकर्मीले अब बन्ने पञ्चवर्षीय योजना व्यावहारिक रुपमा कार्यान्वयन हुने खालको बनाउन सुझाएका छन् । पछिल्लो समयमा सञ्चार क्षेत्रमा क्रियाशील सञ्चारकर्मी आफ्नो पेसामा टिक्ने कुरामा नै चुनौती देखा परेको भन्दै अन्तरक्रियामा पञ्चवर्षीय योजनामा सञ्चार क्षेत्रको संरक्षण र विकास हुने किसिमका योजना ल्याउनुपर्नेमा जोड दिइयो । प्रादेशिक संरचनाका सम्बन्धमा विभिन्न टिकाटिप्पणी हुने गरेको वास्तविकतामा प्रदेशको औचित्य पुष्टि हुनेगरी आयोगले ल्याउन तयारी गरेको दोस्रो पञ्चवर्षीय योजना प्रचारमुखी नभइ कार्यान्वयनमुखी हुनुपर्नेमा उनीहरूको जोड छ ।

# समुदायमै पुगेर मिर्गौला परीक्षण

पोखरापत्र संवाददाता
दमौली, १९ माघ

नेपालमा मिर्गौलापीडितको सङ्ख्या बढ्दो छ । एक्कासि मिर्गौलाले काम गर्न छोडेपछि मात्रै थाहा पाउने व्यक्ति धेरै छन् । तनहुँको म्याग्दे गाउँपालिकाले मिर्गौलाको परीक्षणका लागि भने समुदायस्तरमै पुगेर शिविर सञ्चालन गरेको छ ।

सर्वसाधारणलाई मिर्गौला सम्बन्धि सचेत गराउन समुदायस्तरमै पुगेर परीक्षण गरिएको गाउँपालिकाले जनाएको छ । निःशुल्क शिविरमा तीन सय ५५ जनाको मिर्गौला परीक्षण गरिएको छ । म्याग्दे-७ स्वामिधारमा आयोजित उक्त शिविरमा दुई सय २७ महिला र एक सय २८ पुरुषको मिर्गौला परीक्षण गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिलकराज घिमिरेले जानकारी दिनुभयो । 'स्वास्थ्य मिर्गौला, समृद्ध म्याग्दे गाँउपालिका' नाराका साथ सुरु गरिएको उक्त शिविर यही माघ २३ गतेसम्म चल्नेछ । गाउँपालिकाका सबै वडामा शिविर सञ्चालन गरिने उहाँले बताउनुभयो ।

मिर्गौला बचाउ अभियान राष्ट्रिय कार्यक्रम नेपाल र राष्ट्रिय मिर्गौला केन्द्र काठमाडौँको प्राविधिक सहयोग तथा सूर्य नेपाल प्रालिको आर्थिक सहयोगमा शिविर आयोजना गरिएको छ । म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले गाउँपालिकाका नागरिकलाई स्वस्थ बनाउनका लागि निःशुल्करूपमा मिर्गौला परीक्षण गरिएको बताउनुभयो ।

# नेपाल चरा उत्सव आउँदो सातादेखि

रासस
नवलपरासी, १९ माघ

दोस्रो नेपाल चरा उत्सव यही माघ २६ देखि २८ गतेसम्म नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोतीमा हुने भएको छ ।

चरा तथा तिनको बासस्थानको संरक्षण, जनचेतनासँगसँगैसरोकारवालालाई जीविकोपार्जनमा टेवा पुग्ने गरी चरा पर्यटनको विकास गर्ने उद्देश्यका साथ चरा उत्सव आयोजना गर्न लागिएको हो ।

तीन दिनसम्म कावासोती नगरपालिका-१३ मा सञ्चालन गरिने उत्सवको मुख्य उद्देश्य चराको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्नु रहेको नेपाल चरा उत्सवका संयोजक मनशान्त घिमिरेले जानकारी दिनुभयो । नेपालमा सन् २०१८ मा पहिलो पटक चरा उत्सव भएको थियो । पछि सन् २०१९ मा कास्कीको पोखरामा चरा उत्सव आयोजना गरिएको थियो । उक्त उत्सवमा पाँचबुँदे घोषणापत्र जारी गरिएको थियो । कोभिड-१९ का कारण रोकिएको उत्सव पुनः आयोजना गर्न लागिएको उहाँले बताउनुभयो । उत्सवमा जैविक विविधताको क्षेत्रमा काम गर्ने ३९ सङ्घसंस्थाका प्रतिनिधि, भारत, भूटान, श्रीलङ्का, मलेसिया, हङकङ, सिङ्गापुर, फिलिपिन्स, जापान, स्विजरल्यान्ड, अमेरिका, आयरल्यान्ड, बेलायतलगायत देशबाट प्रतिनिधिको सहभागिता रहने 'वर्ल्ड एजुकेसन सोसाइटी'का अध्यक्ष टीकाराम गिरीले बताउनुभयो । उत्सवमा पक्षी पहिचान तालिम, ट्रेल प्याकेज, फोटो प्रदर्शनी, पक्षीकला प्रतियोगिता, पक्षी अवलोकन, गिद्धका गतिविधि अवलोकन, जङ्गल सफारी, लोकसांस्कृतिक प्रस्तुति, पक्षी सँगोष्ठी, कक्ष प्रदर्शनी, निःशुल्क स्वास्थ्य शिविरलगायत गतिविधि गरिने छन् । नेपालमा आठ सय ९४ प्रजातिका पक्षी पाइन्छन् । नवलपुरको नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्ज आसपास पाँच सय ६५ प्रजातिका चरा पाइन्छन् ।

नेपालमा विश्वमै दुर्लभ मानिएका ४३ प्रजातिका चरा पाइने गरेकामा नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्ज आसपास ३९ प्रजातिका चरा पाइन्छन् । पोखरा पक्षी समाजको आयोजना, जटायु रेस्टुरेन्ट व्यवस्थापन समिति र वर्ड एजुकेसन सोसाइटीको सहआयोजनामा चरा उत्सव सञ्चालन गर्न लागिएको हो । उत्सवको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपाल पन्छी संरक्षण सङ्घले समन्वय गरेका छन् ।

# तल्लो सेती जलविद्युत्‌बाट वार्षिक ५२ करोड युनिट विद्युत् उत्पादन गरिने

रासस
तनहुँ, १९ माघ

तनहुँमा निर्माण हुने एक सय २६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन विद्युत विकास विभागमा बुझाइएको छ । तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको तल्लो सेती जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन हालै बुझाइएको हो ।

इआइएमा प्राप्त सुझावलाई समेटेर प्रतिवेदन बुझाइएको लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । आयोजनाको जग्गा अधिग्रहण प्रक्रियासमेत अगाडि बढाइएको छ । आयोजनाका विभिन्न संरचनाका लागि आवश्यक पर्ने निजी जग्गा अधिग्रहण प्रक्रिया अगाडि बढाउन प्रस्ताव स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेश गरिएको श्रेष्ठले बताउनुभयो । जग्गा प्राप्ति ऐन, २०३४ मा भएको व्यवस्थाबमोजिम नेपाल सरकारबाट प्रारम्भिक अधिकारी तोकिएपछि आयोजनाका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण सुरु गरिने उहाँको भनाइ छ ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ सारादघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट गाउँपालिका ३ र ४ हुँदै ६ दशमलव ८ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब पाँच सय मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युतगृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ ।

आयोजनाबाट बन्दीपुर गाउँपालिका-६, व्यास नगरपालिका-१३, १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२ ९ का केही भाग प्रभावित हुने आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो ।

देवघाट गाउँपालिका-४ गाईघाटमा अर्धभूमिगत विद्युत् गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ । उत्पादित विद्युत्‌लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिने छ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्रअर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ । आयोजनाबाट वार्षिकरुपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुनेछ । आयोजनाको अनुमानित लागत रु २५ अर्ब रहेको छ । आयोजनाका लागि लगानी सुनिश्चित गराउनसमेत पहल थालिएको छ । तनहुँ हाइड्रोपावर लिमिटेडले नेपाल विद्युत् प्राधिकरणमार्फत आयोजनामा लगानी व्यवस्थापनका लागि जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)सँग सहजीकरण गरिदिन अनुरोध गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई पत्राचार गरिसकेको छ । आयोजना प्रमुख भण्डारीका अनुसार विसं २०८१ मा बोलपत्र आह्वानको तयारी गरिएको छ । तल्लो सेती जलविद्युत् आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ ।

आयोजनाले विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाएको थियो । कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब ३ दशमलव ५ मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी कागजात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो ।

# मिस तामाङ पोखराको ग्राण्ड फिनाले शनिबार

पोखरापत्र संवाददाता
गण्डकी, १९ माघ



मञ्जुश्री संवत २८६० औं सोनाम ल्होसारको अवसरमा बैदाम तामाङ सेवा समाज पोखराको आयोजनामा हुने मिस तामाङ पोखराको ग्राण्ड फिनाले भोलि ( शनिबार) पोखराको पोखरा सभागृहमा हुने भएको छ ।

प्रतियोगितामा देशभरबाट १० जना तामाङ समुदायका युवतीहरुको सहभागिता रहेको शुक्रबार आयोजित पत्रकार सम्मेलन मार्फत जनाकारी दिइएको हो । प्रतियोगितामा प्रतियोगिको रुपमा मनिका लामा तामाङ, रिमाया तामाङ, दिक्षा लामा, सुनामी तामाङ, टिसिरिङ तामाङ, अर्पना तामाङ, रोशिला तामाङ, याङजी तामाङ, र बर्षा लामा तामाङ रहेका छन् । मिस तामाङ पोखरा २०२४ की बिजेताले नगद १ लाख ताज, टुफी, प्रमाणपत्र तथा आकर्षक गिफ्ट ह्याम्परहरु प्रदान जित्ने छ । फस्ट रनर अपले ताज, टुफी, प्रमाणपत्र सहित नगद ५० हजार रुपैयाँ हजार प्राप्त गर्नेछ । त्यस्तै सेकेण्ड रनर अपले ताज, टुफी, प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ हात पार्नेछन् । भिवर्स च्वाइसका रुपमा एकजना प्रतिस्पर्धीलाई नगद २० हजार पुरस्कार प्राप्त गर्ने बैदाम तामङ समाज अध्यक्ष ज्याक तामाङले जानकारी दिए । सहभागीहरूलाई ४५ दिन लामो तालिम दिइएको थियो । तामाङतामाङ भाषा, संस्कार, सभ्यता तथा रहनसहनका साथै व्यक्तित्व विकास, नेतृत्व विकास, बोल्ने कला, करियर सम्बन्धी तालिम, साइबर सेक्युरिटी, आत्मविश्वास, सौन्दर्यकला सम्बन्धी तालिम प्रदान गरिएको छ । तालिमका लागि विभिन्न क्षेत्रका विज्ञहरुले सहजीकरण गरेका थिए ।

तालिममा रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जका स्टेशन म्यानेजर सन्जय मल्ल, पोखरेली युवा साँस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, गण्डकी प्रदेशका पूर्व सदस्य एवम सौन्दर्यविद मिना गुरुङ, चिनु गुरुङ, नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठ, दिपेन्द्र पहारी, नोभेल एकेडेमीका अध्यक्ष विश्वेश्वर आचार्य, नेपाल तामाङ घेदुङ का उपाध्यक्ष दीपक वाइवा तामाङ, नेपाल जेसिसका पुर्व अध्यक्ष राजु केसी, चलचित्र निर्देशक तथा सञ्चारकर्मी दिनेश डिसी, कलाकार माओसे गुरुङ, नेपाल तामाङ घेदुङका पूर्व अध्यक्ष धनप्रसाद तामाङ, खोजराज गोले, विश्व दोङ लगायतले तालिम प्रदान गरेका थिए । ग्राण्ड फिनालेका लागि मुख्य निर्णायकमा क्याप्टेन विजय लामा रहनुहुनेछ । गायक संगीतकार राजनराज शिवाकोटी र संजिव वाइवाको प्रस्तुति पनि उक्त दिन रहने छ । साथै कार्यक्रमको सञ्चालन आवाजको दुनियाको साथी सञ्चारकर्मी तथा निर्देशक दिनेश डिसीले गर्नुहुनेछ । कार्यक्रम वाग्मती प्रदेशसभा सदस्य मानिय राधिका तामाङको प्रमुख आतिथ्यतामा हुनेछ । बैदाम तामाङ सेवा समाज कास्कीले हरेक वर्ष ल्होसारको अवसरमा मिस तामाङ पोखरा तथा ल्होसार म्युजिकल फेष्टिभल गर्दै आएको यस वर्ष गर्ने मिस तामाङ पोखराको आठौं संस्करण हो ।